# धुनिवेशी नगरपालिकाको शिक्षा ऐन, २०८०

नगरसभाबाट स्वीकृत मितिः २०८०।०३।१०

**प्रस्तावनाः** नेपालको संविधान बमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र धुनिवेशी नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्र, सामुदायिक सिकाई केन्द्र, आधारभूत तथा माध्यमिक विद्यालयहरु एवम् अन्य शैक्षिक संस्थाहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी धुनिवेशी नगरकार्यपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

## परिच्छेद -१

**१. संक्षिप्त नाम , विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम " धुनिवेशी नगरपालिकाको शिक्षा ऐन, २०८० रहेको छ।

(२) यो ऐन धुनिवेशी नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(३) यो ऐन नगर सभाबाट पारित भई नगर प्रमुखज्यूबाट प्रमाणीकरण भएपछि लागू हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "ऐन" भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ख) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(ग) "प्रदेश शिक्षा ऐन" भन्नाले बागमती प्रदेशको प्रदेश सभाले बनाएको शिक्षा ऐनलाई सम्झनु पर्छ।

(घ) "नगरपालिका" भन्नाले धुनिवेशी नगरपालिकालाई सम्झनु पर्छ।

(ङ) "नगर सभा" भन्नाले धुनिवेशी नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ।

(च) "कार्यपालिका" भन्नाले धुनिवेशी नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ।

(छ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ।

(ज) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चारवर्ष उमेर पूरा भई पाँचबर्ष उमेर पूरा नगरेका बालबालिकाका लागि दिइने शिक्षालाई सम्झनु पर्छ।

(ज१) "शिशु विकास केन्द्र" भन्नाले चारवर्ष उमेर पुरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा वौद्धिक शिक्षा दिनको लागि खोलिएको शिशु विकास केन्द्र सम्झनु पर्छ।

(झ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(ञ) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

ट) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(ठ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छः

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा,

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि परेका व्यक्तिलाई विभेद रहित वातावरणमा दिइने शिक्षा।

(ड) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक तथा व्यवसायिक ज्ञान, सीप, अभिवृद्धिसँग सम्बन्धित विषयवस्तु सिकाइको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनुपर्छ।

(ढ) "विद्यालय" भन्नाले सामुदायिक, संस्थागत, धार्मिक र सहकारी विद्यालयलाई सम्झनुपर्छ ।

(ढ१) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ढ२) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ढ३) "धार्मिक विद्यालय" भन्नाले परम्परागत शिक्षा प्रदान गर्ने गोन्पा विहार, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरुलाई सम्झनुपर्छ ।

(ढ४) "सहकारी विद्यालय" भन्नाले प्रचलित सहकारी कानून बमोजिम सहकारीका रुपमा दर्ता भएका संस्थाबाट मुनाफा नलिने उद्देश्यले सञ्चालित विद्यालय सम्झनुपर्छ ।

(ण) "प्रारम्भिक बाल विकास केन्द्र" भन्नाले २(ज) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल विकास केन्द्रलाई सम्झनु पर्छ ।

(ण१) "शिशु विकास केन्द्र" भन्नाले (ज१)बमोजिमको शिक्षा दिन खोलिएको (नर्सरी, किन्डरगार्टन र मन्टेश्वरी ) कक्षालाई सम्झनु पर्छ ।

(त) "आधारभूत विद्यालय" भन्नाले २ (झ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(थ) "माध्यमिक विद्यालय" भन्नाले (ज) र (झ) वा (ञ) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ ।

(द) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा सञ्चालन गर्न अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(ध) "मन्त्रालय" भन्नाले नेपाल सरकारको संघीय शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(न) "प्रदेश मन्त्रालय" भन्नाले बागमती प्रदेशको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ ।

(प) "आयोग" भन्नाले सामुदायिक विद्यालयको स्वीकृत दरबन्दीमा स्थायी शिक्षकको नियुक्ति तथा त्यस्ता शिक्षकको बढुवाको लागि सिफारिस गर्ने संघीय शिक्षा ऐन बमोजिम गठन भएको शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(फ) "पाठ्यक्रम विकास केन्द्र" भन्नाले विद्यालय तहको शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्रीहरुको विकास र परिमार्जन सम्बन्धी कार्य गर्ने संघीय शिक्षा ऐन बमोजिमको पाठ्यक्रम विकास केन्द्रलाई सम्झनुपर्दछ ।

(ब) "किताबखाना" भन्नाले सामुदायिक विद्यालयका शिक्षकको विरामी विदा, उपदान, औषधि उपचार खर्च निर्धारण तथा सामुदायिक विद्यालयका अवकाश प्राप्त शिक्षकले पाउने सेवा सुविधा निर्धारण गर्ने कार्यको लागि संघीय शिक्षा ऐन बमोजिम गठन भएको "राष्ट्रिय किताबखाना (शिक्षक)" लाई सम्झनुपर्छ ।

(भ) "नगर प्रमुख" भन्नाले धुनिवेशी नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ ।

(म) "नगर उपप्रमुख" भन्नाले धुनिवेशी नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ ।

(य) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले धुनिवेशी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(र) "शिक्षा निर्देशक" भन्नाले धुनिवेशी नगरपालिकाको शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुखलाई सम्झनुपर्छ ।

(ल) "स्रोतव्यक्ति" भन्नाले धुनिवेशी नगरपालिकाले विद्यालयबाट काजमा ल्याई शिक्षा, युवा तथा खेलकूद शाखामा कामकाज गर्न तोकिएको शिक्षकलाई सम्झनुपर्छ । सो शब्दले सम्बन्धित विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने व्यक्ति समेतलाई जनाउँदछ ।

(व) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवं सुपरिवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(श) ‘‘प्रधानाध्यापक’’ भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ ।

(ष) ‘‘शिक्षक’’ भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(स) ‘‘अभिभावक’’ भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा त्यस्तो विद्यार्थीलाई संरक्षकत्व प्रदान गर्ने व्यक्तिलाई समेत जनाउँदछ ।

(ह) ‘‘कर्मचारी’’ भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ ।

(क्ष) ‘‘माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा’’ भन्नाले माध्यमिक तह (कक्षा बाह्) को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र) ‘‘माध्यमिक शिक्षा परीक्षा’’ भन्नाले माध्यमिक तह (कक्षा दश) को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र१) ‘‘आधारभूत शिक्षा उत्तीर्ण परीक्षा’’ भन्नाले आधारभूत तह (कक्षा ८ )को अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ ।

(त्र२) ‘‘अनुमति’’ भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(त्र३) ‘‘स्वीकृति’’ भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ ।

(त्र४) ‘‘शैक्षिक गुठी’’ भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ ।

(त्र५) ‘‘शैक्षिक सत्र’’ भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ ।

(त्र६) ‘‘शिक्षा समिति’’ भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

(त्र७) ‘‘परीक्षा समिति’’ भन्नाले आधारभूत शिक्षाको अन्त्यमा लिइने परीक्षा संचालन तथा व्यवस्थापन गर्न गठित आधारभूत तह उत्तीर्ण परीक्षा समितिलाई सम्झनुपर्छ । सो शब्दले विद्यालयका सबै तह र कक्षाहरुमा लिइने आवधिक परीक्षा तथा सिकाइ उपलब्धि मापन परीक्षा सञ्चालन र व्यवस्थापनका लागि गठित नगरपालिका स्तरीय परीक्षा समिति समेतलाई जनाउँदछ ।

(त्र८) ‘‘व्यवस्थापन समिति’’ भन्नाले यसै ऐन बमोजिम विद्यालयहरुमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ ।

(त्र९) ‘‘शुल्क’’ भन्नाले तोकिए बमोजिमका विद्यालयले दफा १९ बमोजिम लिन पाउने शुल्क सम्झनुपर्छ ।

(त्र१०) ‘‘संविधान’’ भन्नाले नेपालको संविधान २०७२ सम्झनुपर्दछ ।

(त्र११) ‘‘स्थानीय सरकार सञ्चालन ऐन’’ भन्नाले संघीय संसदले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(त्र१२) ‘‘तोकिएको वा तोकिए बमोजिम’’ भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ । सो शब्दले कार्यपालिकाले गरेको निर्णयमा उल्लेख भएको कुरालाई समेत जनाउँदछ।

## परिच्छेद-२

**३. विद्यालय खोल्न अनुमति लिनु पर्नेः** (१) नगरपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा, तह र विषय थप गर्न चाहेमा आवश्यक कागजातसहित शैक्षिक सत्र सुरु हुनु भन्दा तीन महिना अगाडि तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ । त्यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहनेले सो

विद्यालय शैक्षिक गुठी (सार्वजनिक /निजी) वा सहकारी कुन रुपमा सञ्चालन गर्ने हो, वडा शिक्षा समितिको सिफारिस साथ नगरपालिकामा निवेदन दिनुपर्नेछ। सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगर शिक्षा निर्देशकले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिको निर्णय अनुसार तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको शर्त बन्देज पालना तथा पूरा गरेमा नगर कार्यपालिकाले सो विद्यालयलाई स्वीकृति प्रदान गर्न सक्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको वा हुने विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको वा हुने विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकामा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) शैक्षिक गुठीः (क) शैक्षिक गुठीको रुपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गराउनुपर्नेछ।

(ख) शैक्षिक गुठी निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ।

(ग) शैक्षिक गुठी तथा सहकारी अन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(८) आफ्नै स्रोतबाट प्रारम्भिक बाल विकास केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ।

(९) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृया पूरा गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ।

(११) प्रचलित कानुन बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ।

(१२) प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **धरौटी सम्बन्धी व्यवस्थाः** (१) प्रारम्भिक बालविकास/ शैक्षिक गुठी/संस्थागत/सहकारीका रुपमा विद्यालय खोल्ने अनुमति दिंदा विद्यालय सञ्चालनको सुरक्षण वापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछः

क) माध्यमिक विद्यालयको लागि चार लाख रुपैँया,

ख) आधारभूत विद्यालयको लागि दुई लाख रुपैँया,

ग) बालविकास /मन्टेश्वरी / शिशु स्याहार केन्द्र/किन्डर गार्डेनको लागि एक लाख पचास हजार रुपैया,

घ) धरौटी वापतको रकम नगरपालिकाले तोकेको बैंकमा विद्यालयको मुद्दती खातामा जम्मा गर्नुपर्नेछ।

(घ) सञ्चालनमा आइरहेका तर धरौटी वापतको रकम नराखेका विद्यालयहरुले यस ऐन बमोजिमको धरौटी राख्नुपर्नेछ।

(ङ) यस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३

**५. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

(४) नगरपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्र मार्फत शैक्षिक तथ्याङ्क सङ्कलन, आधारभूत साक्षरता, साक्षरोत्तर एवम् निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा नगरपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लेखित कार्यक्रमहरु आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**६. शिक्षाको प्रकारः**(१) विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ।

**(क) आधारभूत शिक्षाः** (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा
(३) संस्कृत शिक्षा

**(ख) माध्यमिक शिक्षाः** (१) साधारण शिक्षा
(२) परम्परागत धार्मिक शिक्षा
(३) प्राविधिक तथा व्यवसायिक शिक्षा
(४) संस्कृत शिक्षा

**७. शिक्षाको माध्यमः** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा पाँचसम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था नगरपालिकाको समन्वयमा विद्यालयले मिलाउनुपर्नेछ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**८. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** १) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नुपर्नेछ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानून, प्रदेश कानून र स्थानीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

३) आधारभूत तहसम्मको शिक्षाको लागि स्थानीय आवश्यकतामा आधारित स्थानीय पाठ्यक्रम र स्थानीय कार्य पुस्तक नगर शिक्षा समितिको निर्णय बमोजिम प्रयोगमा ल्याउन सक्नेछ।

## परिच्छेद-४

**९. नगर शिक्षा समितिः** १) नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ।

(क) नगर प्रमुख, धुनिवेशी नगरपालिका - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत, धुनिवेशी नगरपालिका -सदस्य

(ग) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

(घ) नगर कार्यपालिकाका सदस्यहरु मध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुनेगरी नगरपालिका प्रमुखले तोकेको दुईजना -सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(च) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य

(छ) संस्थागत विद्यालयका संस्थापक वा प्रधानाध्यापक मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(ज) स्थानीय शिक्षा क्षेत्रमा क्रियाशील समाजसेवी, शिक्षा प्रेमी, बुद्विजिवी वा विज्ञ मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एकजना -सदस्य

(झ) नगरपालिका स्तरीय शिक्षक महासंघको अध्यक्ष वा निजले तोकेको महासंघका प्रतिनिधि एक जना - सदस्य

(ञ) गुठी वा परम्परागत धार्मिक विद्यालय वा प्राविधिक धार सञ्चालित विद्यालयका प्रधानाध्यापक वा विव्यस अध्यक्षहरु मध्येबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ट) शिक्षा, युवा तथा खेलकूद शाखामा कार्यरत अधिकृत वा स्रोतव्यक्तिमध्ये एक जना - सदस्य

ठ) सामुदायिक आधारभूत विद्यालयमा कार्यरत महिला शिक्षकहरुमध्ये नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ड) शिक्षा निर्देशक -सदस्य–सचिव

(२) उपदफा (१) बमोजिम समितिमा मनोनित सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ। त्यस्ता सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनयन गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारी वा शिक्षक वा शिक्षकको पेशागत संस्थाको प्रतिनिधिलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) नगर शिक्षा समितिको वैठकको प्रमाणीकरण अध्यक्षले गर्नेछ।

**१०. नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकारः** प्रचलित कानून बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइ राख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइ राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुर्‍याउनु पर्ने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) नगरपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) कार्यसम्पादन मूल्याङ्कनको आधारमा शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोतको पहिचान, प्रबन्ध र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि आवश्यक कार्य गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र दूर शिक्षा, विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने परम्परागत धार्मिक शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरुको विपद् जोखिमको लेखाजोखा गरी त्यसको असर र प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि शैक्षिक मार्गचित्र, नगर शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि नगर सभामा पेस गर्ने,

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, तह वा कक्षा घटाउने, गाभ्ने कार्य गर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने ,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधि बमोजिम विद्यालय व्यवस्थापन समितिले कारवाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कारबाही गर्ने, गराउने,

(प) विद्यालय नक्साङ्कन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

**१०(क) अधिकार प्रत्यायोजनः**

नगर शिक्षा समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्यसचिव वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१०(ख) नगर शिक्षा समितिको बैठकः**(१) नगर शिक्षा समितिको बैठक सामान्यतया कम्तीमा दुई महिनामा एकपटक बस्नेछ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**११. परीक्षाको सञ्चालन र व्यवस्थापनः** (१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन बमोजिम हुनेछ।

(२) आधारभूत तहको अन्तिम परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ।

(३) आधारभूत तह परीक्षा समितिः आधारभूत तह परीक्षाको सञ्चालन तथा व्यवस्थापन तथा नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह (कक्षा आठ) उत्तीर्ण परीक्षा समिति हुनेछ।

(क) शिक्षा निर्देशक –अध्यक्ष

(ख) नगरपालिकाभित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुनेगरी कम्तीमा एकजना महिलासहित परीक्षा समितिद्वारा मनोनित गरेका दुईजना –सदस्य

(ग) नगरपालिकाभित्रका संस्थागत विद्यालयका शिक्षकहरुमध्येबाट परीक्षा समितिद्वारा मनोनित गरेका एकजना –सदस्य

(घ) शिक्षा, युवा तथा खेलकूद शाखामा कार्यरत अधिकृत वा शिक्षा निर्देशकले तोकेको व्यक्ति – सदस्य-सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकारः आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकारः देहाय बमोजिम हुनेछ।

क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

ख) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

ग) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

घ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

ङ) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरुलाई प्रमाणपत्र दिने,

च) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

छ) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

ज) प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

झ) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने।

ञ) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

**११(क). संस्थागत विद्यालयले परीक्षा सहायता बराबरको रकम जम्मा गर्नुपर्नेः**

संस्थागत विद्यालयले परीक्षा सहायता बराबरको रकम नगर शिक्षा कोषमा जम्मा गर्नु पर्नेछ।

**११(ख). परीक्षा सम्वन्धी अन्य व्यवस्थाः**

(१) नगरपालिका भित्रका विद्यालयहरुले मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालन एवम् व्यवस्थापन गर्ने प्रयोजनका लागि प्रधानाध्यापक वैठकको निर्णय अनुसार परीक्षा उपसमिति गठन गरी परीक्षा व्यवस्थापन गर्न सकिनेछ।

(२) परीक्षा सम्वन्धी अन्य व्यवस्था गर्न आवश्यक परेमा परीक्षा समितिले छुट्टै कार्यविधि बनाएर लागू गर्न सक्नेछ।

**१२.नगर शिक्षा कोषः** (१) सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरुलाई प्रोत्साहन तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन नगरपालिकामा एक नगर शिक्षा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्ः–

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ग) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन नगर शिक्षा समितिको निर्णयानुसार हुनेछ।

**१२(क) वडा शिक्षा समितिः** (१) वडा भित्रका विद्यालयहरु बीच समन्वय र रेखदेख गर्न देहाय बमोजिमको एक वडा शिक्षा समिति रहनेछ।

क) सम्बन्धित वडाको वडा अध्यक्ष – संयोजक

ख) वडा शिक्षा समितिले तोकेको विव्यस अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्ष मध्येबाट उपलब्ध भए सम्म कम्तीमा एक महिला सहित दुईजना – सदस्य

ग) वडाभित्रका विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट वडा शिक्षा समितिले मनोनित एकजना – सदस्य

घ) वडा भित्रका शिक्षा प्रेमी, समाजसेवि र बुद्धिजीवि मध्येबाट वडा शिक्षा समितिबाट कम्तिमा एक महिला सहित मनोनित दुईजना – सदस्य

ङ) वडा सचिव – सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधी २ वर्षको हुनेछ।

**१२ (ख) वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा सो सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ।**

## परिच्छेद -५

**१३. विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

(क) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका कम्तिमा एक जना महिला सहित चारजना -सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा समितिका सदस्यहरुमध्येबाट वडा समितिले मनोनित गरेको एक जना वडा सदस्य -सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना -सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना -सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक सदस्य–सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन्।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन्।

(४) विद्यालयमा गठित बालक्लबको प्रतिनिधिहरुमध्ये कम्तिमा एक छात्रासहित २ जनालाई वैठकमा आमन्त्रण गरिने छ।

(५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(७) सम्बन्धित शिक्षा निर्देशक वा शिक्षा निर्देशकले तोकेको व्यक्तिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षकका रुपमा आमन्त्रण गरिनेछ।

(८) संस्थागत र सहकारी विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ।

क) विद्यालयका संस्थापक, लगानीकर्ता वा अभिभावकहरुमध्येबाट विद्यालयको सिफारिसमा शिक्षा निर्देशकले मनोनित गरेको व्यक्ति -अध्यक्ष

ख) अभिभावकहरुले आफूहरु मध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना -सदस्य

ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले मनोनित गरेको सो समितिको सदस्य -सदस्य

(घ) सम्बन्धित शिक्षा निर्देशक वा शिक्षा निर्देशकले तोकेको कर्मचारी -सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना -सदस्य

(च) विद्यालयको प्रधानाध्यापक -सदस्य सचिव

(९) उपदफा (१), (४) र (८) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बन्चित गरिने छैन।

(१०) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षक तथा कर्मचारीलाई तालिमको लागि छनोट गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको सेवा, सुरक्षाको सम्बर्द्धन गर्ने,

(ङ) विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्न सकिने छ ।

(च) नेपाल सरकार र नगरपालिकाबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पदपूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र विद्यालय व्यवस्थापन समितिको निर्णयसहित नगरपालिकामा लेखी पठाउने,

(छ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारवाही गर्ने,

(ज) कुनै शिक्षक वा कर्मचारीलाई यस ऐन वा प्रचलित नेपाल कानुन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारवाही गरी त्यसको जानकारी नगरपालिकालाई दिने तथा आफूलाई कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नुपर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन नगरपालिकामा पठाउने,

(झ) विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वियन गर्ने,

(ञ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

(ट) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ड) शिक्षक तथा कर्मचारीहरूको अभिलेख अद्यावधिक गराई राख्ने,

(ढ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(ण) विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

(त) विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

(थ) शिक्षा निर्देशक, वा शिक्षा निर्देशकले तोकेको व्यक्ति र पालिकाका अन्य पदाधिकारीहरुले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

(द) विद्यालय व्यवस्थापन समितिको सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

(ध) नगरपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

(न) विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगरपालिकामा माग गर्ने,

(प) वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

(फ) विद्यालयको विपद् जोखिमको लेखाजोखा गरी त्यसको असर तथा प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

(ब) विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

(भ) आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न कार्यविधि बनाई शिक्षा निर्देशक मार्फत नगरपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

(म) शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानून बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेड वृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न

नगरपालिका समक्ष कारबाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा सम्बन्धित शिक्षकलाई आफ्नो सफाइको मनासिब मौका दिनुपर्नेछ।

(य) नगरपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

(र) विद्यालयको सामाजिक परीक्षण गराई सम्बन्धित निकायहरुमा प्रतिवेदन पेस गर्ने ।

(ल) स्थायी नियुक्ति भई आउने शिक्षकलाई विद्यालयमा हाजिर गराउने व्यवस्था मिलाउने ।

(व) तोकिए बमोजिम शिक्षक अभिभावक संघ गठन गर्ने ।

(श) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(ष) विद्यालयलाई आवश्यक पर्ने कार्यविधि निर्माण गरी कार्यान्वयन गर्ने ।

(११) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको शैक्षिक गुठीका गुठीयार वा कम्पनीका सञ्चालकसँग समन्वय गरी विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीको सेवा, सुरक्षाको सम्वर्द्धन गर्ने,

(ग) विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

(घ) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

(ङ) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धी र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

(च) विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र विद्यालयको नियमावलीमा व्यवस्था गरी स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

(छ) विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षकले पाउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

(ज) शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

(झ) खण्ड (ज) बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

(ञ) आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारबाही गर्ने,

(ट) विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखापरीक्षकहरु मध्येबाट कम्तीमा तीनजना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ठ) विद्यार्थीहरूले पालना गर्नुपर्ने आचारसंहिता बनाई लागू गर्ने,

(ड) नगरपालिकाले दिएका निर्देशन अनुरूप काम गर्ने ।

(ढ) तोकिए बमोजिम शिक्षक–अभिभावक संघ गठन गर्ने ।

(ण) विद्यालयमा स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तकको उपलब्धता र प्रयोगको प्रभावकारिता जाँचबुझ गर्ने ।

(त) नेपाल सरकारले लागू गरेको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने र अन्य सहयोगी पाठ्यपुस्तक पढाउन आवश्यक देखिएमा राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्ले स्वीकृत गरेका पाठ्यपुस्तकको सूचीमध्येबाट शिक्षा निर्देशकको स्वीकृति लिनुपर्नेछ ।

(१२) व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य–सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**(१३) व्यवस्थापन समितिको छनोट, योग्यता तथा बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।**

**१४. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने**: (१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा निर्देशकको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा,

(ग) संघीय सरकार, प्रदेश सरकार वा नगरपालिकाको नीति विपरित काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिव मौका दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र तोके अनुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न नगर शिक्षा समितिले तदर्थ विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ । उक्त समितिको म्याद बढिमा तीन महिनाको हुनेछ ।

**१५. शिक्षक अभिभावक संघ**: विद्यालय शिक्षक अभिभावक संघको गठन तोकिए बमोजिम हुनेछ र समितिको पदावधि ३ वर्षको हुनेछ ।

**१६. विद्यालयको सम्पत्ति**: (१) विद्यालयको नाममा रहेको चल–अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ ।

(२) सामुदायिक विद्यालयको चल–अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल–अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(३) शैक्षिक गुठी तथा सहकारीको रुपमा सञ्चालित संस्थागत विद्यालयको चल–अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप नगरपालिकाको स्वीकृती विना परिवर्तन हुने छैन ।

(४) कम्पनीको रुपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघसंस्थासंग दान दातव्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिमको सम्पत्ति नगरपालिकाको स्वीकृति वेगर सट्टापट्टा र बेचविखन गर्न पाईने छैन ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१७. विद्यालयको वर्गीकरण**: विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

## परिच्छेद-६

**१८. लेखापरीक्षण सम्बन्धी व्यवस्था**: (१) सामुदायिक विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्रहरु र समुदायमा आधारित प्रारम्भिक बालविकास केन्द्रहरुको लेखापरीक्षण नगरपालिकाद्वारा नियुक्त मान्यताप्राप्त लेखापरीक्षक तथा लेखापरीक्षण फर्मबाट गरिनेछ ।

(२) संस्थागत विद्यालयहरुको लेखापरीक्षण सम्बन्धी व्यवस्था र अन्य व्यवस्था अन्य प्रचलित कानून र तोकिएको आधारमा हुनेछ ।

**१९. निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थाः** (१)सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको नाममा विद्यालयले कुनै किसिमको शुल्क लिन पाउने छैन । तर कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले दिएको दान, उपहार, चन्दा वा आर्थिक सहयोग लिन कुनै बाधा पर्ने छैन ।

(२) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था नगरपालिकाले गर्नेछ ।

(३) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपी तथा बहिरा तथा स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई सांकेतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था नगरपालिकाले मिलाउनु पर्नेछ ।

(४) संस्थागत विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिईसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क शैक्षिक सत्र सुरु हुनु भन्दा अगाडी नगर शिक्षा समितिबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ । यसरी शुल्क निर्धारणको स्वीकृती दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(६) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्छ ।

(८) यस ऐन विपरित शुल्क लिने विद्यालयलाई नगरपालिकाले पचास हजार रुपैयाँदेखि एक लाख रुपयाँसम्म जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद-७

**२०. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

१) प्रत्येक सामुदायिक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम काज गर्न एक प्रधानाध्यापक रहनेछ ।

२) प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः

क) सामुदायिक माध्यामिक विद्यालयको प्रधानाध्यापकको लागि स्नातकोत्तर उपाधि प्राप्त गरेको स्थायी मध्ये वरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

ख) उपदफा २ (क) अनुसार नभएमा योग्यता पुगेका शिक्षकहरुमध्ये क्रमशः माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक तहको स्थायी दरबन्दीमा कार्यरत शिक्षक मध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

ग) आधारभूत तह कक्षा पाँचसम्म सञ्चालित विद्यालय भए कम्तीमा माध्यमिक तह उत्तीर्ण वा सो सरह उत्तीर्ण भएको, आधारभूत तह कक्षा आठ सम्म सञ्चालित विद्यालय भए स्नातक तह वा सो सरह उत्तीर्ण गरेको, आधारभुत तहको स्थायी शिक्षकको रुपमा कम्तीमा पाँचवर्ष शिक्षण अनुभव भएको आधारभूत तहको माथिल्लो श्रेणीको वरिष्ठ शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ र नगरपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

घ) उपदफा २ क, ख अनुसार नभएमा विद्यालयमा कार्यरत सरकारी कोषबाट सेवासुविधा प्राप्त गर्ने र योग्यता पुगेका शिक्षकहरु मध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र नगरपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ।

ङ) दफा २ को उपदफा घ अनुसार नभएमा आधारभूत तहको स्थायी, अस्थायी वा राहत दरबन्दीमा रहेको तीन वा पाँच कक्षासम्म सञ्चालित विद्यालय भए कक्षा बाह्र वा सो सरह उत्तीर्ण भएको आधारभूत तह आठ कक्षासम्म सञ्चालित विद्यालय भए स्नातक तह उत्तिर्ण शिक्षकमध्ये विद्यालय व्यवस्थापन समितिले प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ र नगरपालिकाले उक्त निर्णयलाई अनुमोदन गर्न सक्नेछ ।

३) उपदफा २ बमोजिम पाँचवर्ष को लागि प्रधानाध्यापक नियुक्ति हुनु पूर्व निजबाट नियमावलीमा तोकिए बमोजिमको ढाँचामा विद्यालय विकास प्रस्ताव लिई विद्यालय व्यवस्थापन समिति सँग पाँच वर्षको लागि कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेछ ।

४) प्रधानाध्यपक नियुक्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५) उपनियम २ मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन समितिको सिफारिसमा नगर शिक्षा समितिले हटाउन सक्नेछः

(क) निजको आचरण खराब रहेमा,

(ख) ऐन विपरित कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन करार सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा,

(घ) विद्यालयलाई हानी नोक्सानी पुऱ्याएमा,

(ङ) विद्यालयको चल अचल सम्पति हिनामिना गरेमा,

६) उपनियम २ बमोजिमको कुनै प्रधानाध्यापकलाई पदबाट हटाउनु पूर्व निजलाई सफाइ पेस गर्ने मौका दिइनेछ ।

७) निमित्त प्रधानाध्यापक सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८) शिक्षकको वरिष्ठता निर्धारण देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित तह र श्रेणीको स्थायी नियुक्ति मितिको आधार,

(ख) खण्ड क अनुसार बरिष्ठता नछुट्टिए अस्थायी शिक्षकहरुको हकमा अस्थायी नियुक्ति मिति वा राहत शिक्षकहरुको हकमा राहत नियुक्ति मिति वा सिफारिस योग्यता क्रमको आधार

**२१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः** प्रधानाध्यपकको काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।

**२२. सहायक प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :**

नगरपालिका अन्तरगतका प्रत्येक सामुदायिक विद्यालयहरुमा एक जना सहायक प्रधानाध्यापकको व्यवस्था गर्नु पर्ने छ र उक्त पदमा नियुक्त हुनको लागि विद्यालयको उच्चतम तहमा कार्यरत योग्यता पुगेका शिक्षकहरुमध्ये शिक्षक स्टाफको बैठक बाट छनौट गर्नुपर्ने छ ।

**२२(क). विद्यालयमा सूचना अधिकारी र लैङ्गीक फोकल पर्सन सम्बन्धी व्यवस्था :**

नगरपालिका भित्रका प्रत्येक सामुदायिक तथा संस्थागत विद्यालयहरुमा एक जना सूचना अधिकारी र एक जना लैङ्गीक फोकल पर्सनको व्यवस्था गर्नु पर्ने छ र त्यस्तो अधिकारी वा व्यक्ति तोक्नको लागि शिक्षक स्टाफको बैठकबाट निर्णय गर्नुपर्ने छ ।

**२३. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः** (१) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई क्रमशः शतप्रतिशत, पचहत्तर प्रतिशत तथा पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिब, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ। र सो को विवरण शैक्षक सत्र सुरु भएको २ महिना भित्रमा शिक्षा,युवा तथा खेलकुद शाखामा पेस गर्नु पर्ने छ।

(४) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ।

(५) उपदफा (३) र (४) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने आधारहरु तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था संघीय शिक्षा ऐन बमोजिम हुनेछ।

**२३ (क) . शिक्षक प्रोत्साहन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुलाई तोकिए बमोजिम प्रोत्साहन भत्ताको व्यवस्था गर्न सक्नेछ।

**२३ (ख). प्रधानाध्यापक भत्ता सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा कार्यरत प्रधानाध्यापकहरुलाई संघीय सरकारले प्रदान गर्दै आएको भत्ताको अतिरिक्त तोकिए बमोजिम प्रधानाध्यापक भत्ताको व्यवस्था गर्न सक्नेछ।

**२४. बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा पठाउनुपर्नेः** (१) सबै अभिभावकले चार वर्ष भएका बालबालिकालाई प्रारम्भिक बाल शिक्षा र पाँच वर्ष भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा नगर शिक्षा समिति, वडा समिति, वडा शिक्षा समिति तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा वितरणमा रोक लगाउन सकिनेछ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालयमा भर्ना गर्न विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व नगर शिक्षा समितिको हुनेछ।

## परिच्छेद-८

**२५. विद्यालय खोल्न, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्न, समायोजन गर्ने, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्नेः** (१) नगर शिक्षा समितिले कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्न अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्ने, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्ने, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्ने, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ।

(२) नगरपालिकाले दुई वा सो भन्दा बढी सामुदायिक विद्यालयहरुलाई एक आपसमा गाभी वा समायोजन गरी एकीकृत आवासीय विद्यालयको रुपमा संचालन गर्न सक्नेछ ।

(३) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

क) बालविकास कक्षा नभएका सामुदायिक विद्यालयहरुमा बाल विकास कक्षा संचालनको व्यवस्था गरिने छ ।

ख) विद्यालयको प्रति कक्षा औषत रुपमा १० जना विद्यार्थी नपुगेमा विद्यालयको तह वा कक्षा घटुवा गर्न सकिने छ । तर कक्षा घटुवा गर्दा ३ वर्षको औषत विद्यार्थी संख्याको गणना गरिने छ ।

ग) उपदफा ३ को ख मा उल्लेखित अवस्थालाई आधार लिँदा भौगोलिक अवस्थालाई समेत ध्यान दिइनेछ ।

**२५(क). शिक्षक दरबन्दी मिलानः**

नगर शिक्षा समितिले विद्यालयमा तहगत स्वीकृत वा अनुमति प्राप्त कक्षा, विद्यार्थी सङ्ख्या र विषयको आधारमा शिक्षक विद्यार्थी अनुपात मिलाउन, कम तथा बढी दरबन्दी भएको विद्यालयबाट दरबन्दी मिलाउने कार्य मापदण्ड बनाई गर्नेछ । आवश्यकता अनुसार नगर शिक्षा समितिले दरबन्दी मिलान गर्न उप–समिति पनि गठन गर्न सक्नेछ ।

**२५(ख). शिक्षकको सरुवाः** (१)सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको निवेदन फाराम भरी विद्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा निर्देशकले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा सहमति दिन सक्नेछ । तर त्यसरी सरुवा सहमति दिंदा निवेदक कार्यरत विद्यालय र सरुवा हुन चाहेको विद्यालय दुबैको सरुवा सहमति अनिवार्य रुपमा नगर शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा नगर शिक्षा समितिले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ । तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच बर्ष पूरा नभएको भएपनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ति लिएको एकवर्ष नपुगेको शिक्षक र अनिवार्य अवकास हुन एकवर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

**२५(ग) अनिवार्य अवकाशः**

१) कुनै शिक्षक तथा कर्मचारीको उमेर साठी वर्ष पूरा भएपछि निजलाई विद्यालयको सेवाबाट अवकाश दिइनेछ ।

२) उमेरका कारण अनिवार्य अवकाश प्राप्त शिक्षक वा कर्मचारीलाई पुनः विद्यालय स्रोतबाट तलब भत्ता पाउने गरी काममा लगाउन पाइने छैन ।

३) माथि जे सुकै कुरा भएतापनि उमेरका कारण अवकाश प्राप्त शिक्षक वा कर्मचारीलाई संघीय सरकार, प्रदेश तथा स्थानीय सरकारले विशेष जिम्मेवारी दिई अति आवश्यक परेको खण्डमा काममा लगाउन सक्नेछ ।

**२५(घ) अवकाश सम्बन्धी विशेष व्यवस्थाः**

शिक्षकको अवकाश सम्बन्धी विशेष व्यवस्था संघीय कानुनमा व्यवस्था भए बमोजिम हुनेछ । यदि नगरपालिकाले चाहेमा अवकास सम्बन्धी विशेष व्यवस्था गर्न सक्नेछ । यसको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-९

**२६. शिक्षक छनोट समितिः** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक छनोट समिति रहनेछ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा सो समितिको सदस्यहरुमध्येबाट निजले तोकेको सदस्य – अध्यक्ष

(ख) शिक्षा निर्देशक वा शिक्षा निर्देशकले तोकेको व्यक्ति –सदस्य

(ग) सूचीकृत विषय विशेषज्ञहरुमध्ये शिक्षक छनोट समितिले तोकेको बढीमा दुईजना –सदस्य

(घ) प्रधानाध्यापक – सदस्य–सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्ने सम्वन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ।

(३) शिक्षक छनोट समितिको वैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) नगरपालिकाले आवश्यक ठानेमा कार्यविधि तयार गरी नगरपालिका भित्रका सवै सामुदायिक विद्यालयमा रिक्त पदमा शिक्षक करार नियुक्ति गर्नका लागि वार्षिक रुपमा खुला विज्ञापन गरी आवश्यकता अनुसारको अस्थायी करार सूची तयार गर्न र नियुक्तिका लागि सिफारिश गर्न बाधा पर्ने छैन।

५) शिक्षक सेवा आयोगको अस्थायी करार सूचीमा रहेका शिक्षकलाई नियुक्तिको लागि प्राथमिकता दिइनेछ।

(६) दफा (२६) बमोजिम शिक्षक छनोट समितिका सदस्यहरु र परीक्षामा खटिएका व्यक्तिहरुको प्रदान गरिने सेवा सुविधा तोकिए बमोजिम हुनेछ।

**२७. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले नगरपालिका मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारहरु मध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनोट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा नगरपालिकाबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

(५) राहत अनुदान कोटामा करार शिक्षक छनोट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ। विद्यालयमा रिक्त शिक्षक दरबन्दी र राहत अनुदान कोटामा बाहेक नगरपालिकाबाट प्रदान गरिएको अनुदान रकम र विद्यायलयको निजी स्रोतबाट तलब भत्ता खानेगरी शिक्षक पदपूर्ति सम्बन्धमा विद्यालय व्यवस्थापन समितिले छुट्टै मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**२८. शिक्षकहरुको वृत्ति विकास सम्बन्धी ब्यवस्थाः** शिक्षकहरुको वृत्ति विकासको लागि प्रत्येक तहका सामुदायिक विद्यालयका शिक्षकहरुलाई प्रथम, द्वितीय र तृतीय श्रेणीमा विभाजन संघीय कानुन अनुसार हुनेछ।

**२९. शिक्षकको पद सङ्ख्या र श्रेणी विभाजन सम्बन्धी ब्यवस्थाः** शिक्षकको पद सङ्ख्या र श्रेणी विभाजन संघीय कानूनले तोकेबमोजिम हुनेछ ।

**३०.अस्थायी, करार, राहत वा अनुदान शिक्षक सम्बन्धी ब्यवस्थाः**

(१) अस्थायी, करार, राहत वा अनुदान शिक्षक सम्बन्धी ब्यवस्था संघीय कानून अनुसार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएता पनि नगर पालिकाले सेवा सुविधा सम्बन्धमा थप व्यवस्थापन गर्न कुनै बाधा पर्ने छैन ।

**३१. शिक्षक महासंघ सम्बन्धी व्यवस्थाः**१) सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको पेशागत हकहितको संरक्षण गर्नकोलागि नगरपालिकामा एउटा शिक्षक महासंघ गठन हुनेछ ।

२) शिक्षक महासंघका पदाधिकारीहरुको व्यवस्था शिक्षक महासंघको विधानमा व्यवस्था भए बमोजिम हनेछ ।

३) शिक्षक महासंघले आफ्नो विधान बनाई नियमानुसार दर्ता गर्नुपर्नेछ ।

४) शिक्षक महासंघको काम, कर्तव्य र अधिकार संघीय एवं स्थानीय कानूनमा तोकिए बमोजिम हुनेछ । साथै शिक्षक महासंघको विधानमा व्यवस्था गरेबमोजिम हुनेछ ।

**३२. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदानः** (१) नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको सिकाई उपलब्धी

(घ) विद्यालयको आर्थिक अवस्था

(२) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम नगरपालिकाले अनुदान दिन सक्नेछ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा र शीर्षक नतोकी विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान भनेर प्रदान गरिएको अनुदान विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिंदै आएको अनुदान रकममा कटौती गरिने छैन । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिंदै आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्ने छैन ।

**३३. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले सामुदायिक विद्यालय र गुठी, कम्पनी तथा सहकारी अन्तर्गत संचालित विद्यालयहरु बिच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** (१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाइ र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकाको एउटा वडामा एक भन्दा बढी सामुदायिक सिकाइ केन्द्र रहने छैन ।

(३) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३५. निर्देशन दिन सक्ने**: (१) कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति, वडा शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**३६. अनुमति वा स्वीकृती रद्द गर्ने**: कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरित काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्न सक्नेछ।

**३७. विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने**: (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा सिकाइ सहजीकरणको वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३८. बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**: (१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन।

**३९. शिक्षक तथा कर्मचारीको पदीय आचरण**: (१) विद्यालयका शिक्षक तथा कर्मचारी उच्च आदर्शले प्रेरित भई आफूलाई तोकिएको कार्यमा संलग्न हुनुपर्नेछ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता संघीय शिक्षा ऐन बमोजिम हुनेछ। तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवं देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछः

क) पदीय दायित्व पूरा नगरेमा,

ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) मादक पदार्थ सेवन गरी विद्यालयमा आएको प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा

च) शिक्षा शाखाको अनुमति नलिइ विद्यालय समय भन्दा वाहिर अध्यापन कार्य गरेमा,

छ) संघीय सरकारले तोके बाहेक सहकारी तथा विभिन्न संघ सस्थाहरुको कार्यकारिणी समितिमा बसेमा ,

ज) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा,

यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान बमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ।

**४०. शिक्षकलाई अन्य काममा लगाउन नहुने**: (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

**४१. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**४२. स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले विदेशी मुलुकको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनुअघि यस्तो स्थायी आवासीय अनुमति लिएको वा लिनका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी वर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

**४३. कर्मचारी सम्बन्धी व्यवस्थाः** बिद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिए बमोजिम हुनेछ ।

**४४. शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायताः** शिक्षक विद्यार्थीको अनुपात, कक्षा शिक्षक अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायता (प्रसुती, जटिल रोग र दुर्घटना) तोकिए बमोजिम हुनेछ ।

**४५. ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः** (१) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) ट्युसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्ष, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६. दण्ड र सजायः**

१) कसैले विद्यालयको सम्पत्ति हिनामिना गरेमा वा हानी नोक्सानी पुऱ्याएमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी बिगो बमोजिमको रकम जरिवाना गर्न सक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी तोकिए बमोजिम सजाय हुनेछः

क) उत्तरपुस्तिका परीक्षण गर्दा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

ख) परीक्षा केन्द्रमा स्वीकृत नलिई प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

ग) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

घ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा, कोचिङ् कक्षा, पूर्व तयारी कक्षा आदि सञ्चालन गरेमा,

३) विद्यालयको शिक्षक वा कर्मचारी उपर अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी मुद्दा दायर भएको मितिदेखि निलम्बन हुनेछ ।

**४७. पुनरावेदनः**

तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**४८. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरु

(ख) निःशुल्क शिक्षा, शिक्षक र विद्यार्थीको प्रोत्साहन तथा विद्यार्थी छात्रवृत्ति व्यवस्थापन

(ग) विद्यालयलाई दिइने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन

(घ) प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन र व्यवस्थापन

(ङ) विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण तथा मूल्याङ्कन

(च) विद्यार्थी शिक्षक अनुपात तथा सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान

(छ) विद्यालय नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग

(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन

(ञ) प्रारम्भिक बालविकास तथा शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाइ केन्द्र र विशेष तथा समावेशी शिक्षा

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम

(ठ) विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन

(ड) विद्यालयको नामाकरण

(ढ) विद्यालयमा छात्रवास सञ्चालन सम्बन्धी व्यवस्था

(ण) विद्यालयको पाठ्यक्रम पाठ्यपुस्तक र सन्दर्भ सामग्री

(त) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम

(थ) स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवद्र्वन र स्तरीकरण

(द) दूर तथा खुला शिक्षा

(ध) नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको गठन तथा गाउँ शिक्षा कोष र विद्यालय कोष

(न) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधर निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

(प) विद्यालयको पुस्तकालय र वाचनालय

(फ) ट्युसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा

(म) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा

(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना

(ल) विद्यालयको परीक्षा, विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन, विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण

(व) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन तथा व्यवस्थापन

(श) अभिभावक शिक्षा

**४९. निर्देशिका बनाउन सक्ने  यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।**

**५०. जिम्मेवारी तथा जवाफदेहिताः**

१) प्रधानाध्यापक, नगरपालिका, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, अभिभावक एवं विद्यार्थीप्रति जिम्मेवार र जवाफदेही हुनुपर्नेछ।

२) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि  प्रधानाध्यापकले नगर शिक्षा शाखा र विद्यालय व्यवस्थापन समितिसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

३) शिक्षक एवं कर्मचारी प्रधानाध्यापकप्रति जिम्मेवार र जवाफदेही हुनेछन् । निजहरुले गुणस्तरीय शिक्षाका लागि नगरकार्यपालिका, नगर शिक्षा समिति र नगर शिक्षा अधिकारीले प्रधानाध्यापक मार्फत दिइएका प्रचलित कानून बमोजिमका निर्देशन पालना गर्नु पर्नेछ । अपेक्षित शैक्षिक उपलब्धीका लागि शिक्षकहरुले प्रधानाध्यापकसँग कार्यसम्पादन करार गर्नुपर्नेछ ।

४) शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्न नगरकार्यपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकिदिन सक्नेछ । त्यस्तो भौगोलिक क्षेत्र भित्रका टुहुरा, अलपत्र परेका र बेसहारा तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई छात्रबृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु नगरपालिका, नगर शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धी हासिल हुने गरी सिकाउने र टिकाउने  दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुनेछ ।

**५१. संरक्षकको भूमिकाः** नगरपालिका नगर प्रमुखले नगरपालिका भित्रका विद्यालयहरुको संरक्षकको रुपमा गुणस्तरीय शिक्षाका लागि कार्य गर्नु गराउनुपर्नेछ ।

**५२. बाधा अड्काउ हटाउने अधिकारः** यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा नगरकार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ ।

**५३.  संक्रमणकालिन व्यवस्थाः**

यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म नगरकार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**५४. बचाउ र लागू नहुनेः** (१) यस ऐनमा लेखिएका कुराहरु यसै ऐन बमोजिम र यसमा नलेखिएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(२) यो ऐन लागु हुनु पूर्व गठन गरिएका  विद्यालय व्यवस्थापन समितिको म्याद नसकिन्जेल सम्मको लागि यथावत रहने र यो ऐन लागू भए पश्चात गठन गरिने विद्यालय  व्यवस्थापन समिति यसै ऐन बमोजिम हुनेछ ।

(३) यस ऐनमा लेखिएको कुनै कुराले  विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

(४) यस ऐन वा अन्तर्गत बनेका नियम कानूनहरु अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।